# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, माघ ४ गते २०४४ साल (संख्या ३९


## भाग ३

### श्री ५ को सरकार
### उद्योग मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० (ख) ३ को प्रयोजनको लागि देहायबमोजिमको उद्योगहरूलाई आधारभूत आवश्यकताको वस्तु उत्पादन गर्ने उद्योग वा राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रूपमा तोकेको छ ।

(क) खाद्यान्नः

(१) आधुनिक चिनी कारखाना ।

(२) एकीकृत तेलबीज प्रशोधन उद्योग (तेलबीज खेती समेत) ।

(३) एकीकृत चिया प्रशोधन (चिया खेती समेत)' ।

(४) एकीकृत डेरी (पशुपालन समेत) ।

(५) फलफूल प्रशोधन ।

(६) बेबी फुड र न्यूट्रिसन फुड ।

(ख) लत्ता-कपडाः

(१) धागो उद्योग सुती मात्र वा सुती कृत्रिम रेशा र मिश्रित धागो (कम्तीमा पनि ४० प्रतिशत सुती धागो उत्पादन वा मिश्रित गर्नु पर्ने) ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कपडा (बनाइ र प्रशोधन समेत) सुती मात्र वा सुती, कृतिम रेशा र मिश्रित कपडा (कम्तीमा पनि ४० प्रतिशत सुती वा सुती मिश्रित कपडा उत्पादन गर्नु पर्ने)।

(३) एकीकृत कपडा उद्योग (कम्तीमा ४० प्रतिशत सुती कपडा उत्पादन गर्नु पर्ने)।

(४) ऊनी मात्र वा ऊनी, कृत्रिम रेशा र मिश्रित धागो (कम्तीमा ४० प्रतिशत ऊनी धागो उत्पादन वा मिश्रित उत्पादन गर्नु पर्ने)।

(५) ऊनी मात्र वा ऊनी, कृत्रिम रेशा र मिश्रित कम्बल (कम्तीमा ४० प्रतिशत ऊनी वा ऊनी मिश्रित कम्बल उत्पादन गर्नु पर्ने)।

(६) सारी सुती वा सुती र कृत्रिम रेशा मिश्रित उद्योग।

(७) सैनिक र प्रहरीको लागि वर्दि (कपडा बुन्ने र तयारी पोशाक बनाउने)।

(८) छाला कपडा वा क्यानभास जुत्ता।

(९) जिनिङ र बेलिङ।

(ग) आवास:

(१) टायल उद्योग।

(२) आधुनिक इँटा उद्योग।

(३) व्यवसायिक ज्यावल उद्योग।

(४) फलाम इस्पात, एल्मुनियम र तामा पित्तलको निर्माण सामग्रीहरू।

(५) स्लेट ढुङ्गा वा ब्लकहरू।

(६) सिमेण्ट ब्लक उद्योग।

(७) सिमेन्ट

(घ) शिक्षा:

(१) शैक्षिक सामग्री।

(२) अफसेट प्रेस।

(३) प्रिन्टिङ, राइटिङ तथा डुप्लिकेटिङ मसी।

(४) कागज र स्टेशनरी सामग्री।

(५) सीसाकलम।

(ङ) स्वास्थ्य:

(१) औषधी उद्योग।

(२) जडीबुटी प्रशोधन उद्योग।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220